# मूल्य अभिवृद्धि कर (तेह्रौं संशोधन) नियमावली, २०६८

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६८।३।३१

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "मूल्य अभिवृद्धि कर (तेह्रौं संशोधन) नियमावली, २०६८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३० मा संशोधन** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३० मा रहेका "सात दिनभित्र" भन्ने शब्दहरुको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीको नियम ३२ मा संशोधन:** मूल नियमावलीको नियम ३२ को उपनियम (२) मा रहेका "सात दिनभित्र" भन्ने शव्दहरुको सट्टा "पन्ध्र दिनभित्र" भन्ने शव्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ३९ मा संशोधन:** मूल नियमावलीको नियम ३९ को,-

(क) उपनियम (४) मा रहेका "अनुसूची-१४" भन्ने शव्दहरुको सट्टा "अनुसूची-१०" भन्ने शव्दहरु राखिएका छन् ।

(ख) उपनियम (५) मा रहेका "अनुसूची-१५" भन्ने शव्दहरुको सट्टा "अनुसूची-१०" भन्ने शव्दहरु राखिएका छन् ।

५. **मूल नियमावलीको नियम ४५ मा संशोधन:** मूल नियमावलीको नियम ४५ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखिएको छः-

"(३) ऐनको दफा २५ को उपदफा (१) को प्रयोजनका लागि दर्ता नभएको व्यक्तिले कर फिर्ता माग गर्दा खण्ड (क) को प्रयोजनको लागि अनुसूची-१७ र खण्ड (ख) र (ग) को प्रयोजनको लागि अनुसूची-१८ को ढाँचामा सोझै विभागमा निवेदन दिन सक्नेछ ।"

६. **मूल नियमावलीको अनुसूची-८ मा संशोधन:** मूल नियमावलीको अनुसूची-८ को सट्टा देहायको अनुसूची-८ राखिएको छः-

नेपाल कानून आयोग

## "अनुसूची-८

(नियम २३ को उपनियम (१) को खण्ड (छ) सँग सम्वन्धित)

## खरिद खाता

करदाता दर्ता नम्बर

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

| विजक | | | | जम्मा खरीद मूल्य | कर छुटको खरीद मूल्य | कर योग्य खरीद | | कर योग्य पैठारी | | पूँजिगत करयोग्य खरी/ पैठारी र कर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | विजक नम्वर | आपूर्तिकर्ताको नाम | आपूर्तिकर्ताको नम्बर | | | मूल्य | कर (रु.) | मूल्य | कर (रु.) | मूल्य | कर (रु.) |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

खरिद भएको अवधिः महिना ............. साल ...............



नेपाल कानून आयोग